आज मिति २०८१।०५।१४ गते नारायण नगरपालिका नगर कार्यपालिका दैलेखका नगर प्रमुख श्री लोमन शर्मा ज्यू को अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसेको कार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम/थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री लोमन शर्मा | |
| २ | नगर उप-प्रमुख | श्री तप्ता कुमारी थापा | |
| ३ | अध्यक्ष वडा नं. १ सदस्य | श्री सन्देश कुमार श्रेष्ठ | |
| ४ | अध्यक्ष वडा नं. २ सदस्य | श्री रेशम बहादुर थापा | |
| ५ | अध्यक्ष वडा नं. ३ सदस्य | श्री चन्द्र प्रसाद उपाध्याय | |
| ६ | अध्यक्ष वडा नं. ४ सदस्य | श्री चन्द्र बहादुर कटुवाल | |
| ७ | अध्यक्ष वडा नं. ५ सदस्य | श्री ऐमानसीं थापा | |
| ८ | अध्यक्ष वडा नं. ६ सदस्य | श्री जनक प्रसान न्यौपाने | |
| ९ | अध्यक्ष वडा नं. ७ सदस्य | श्री खड्क बहादुर शाही | |
| १० | अध्यक्ष वडा नं. ८ सदस्य | श्री गोपाल कुमार बि.सी. | |
| ११ | अध्यक्ष वडा नं. ९ सदस्य | श्री महेन्द्र विक्रम खड्का | |
| १२ | अध्यक्ष वडा नं. १० सदस्य | श्री लाल बहादुर बस्नेत | |
| १३ | अध्यक्ष वडा नं. ११ सदस्य | श्री दिर्घ बहादुर मल्ल | |
| १४ | कार्यपालिका सदस्य | श्री रत्ना थापा | |
| १५ | कार्यपालिका सदस्य | श्री खगिसरा सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री रत्ना सार्की | |
| १७ | कार्यपालिका सदस्य | श्री तिर्थ बहादुर दमाइ | |
| १८ | कार्यपालिका सदस्य | श्री बखत बहादुर नेपाली | |
| १९ | कार्यपालिका सदस्य | श्री मनसरा अधिकारी | |
| २० | कार्यपालिका सदस्य | श्री भोज कुमारी कोइराला | |
| २१ | सदस्य सचिव | श्री रेशम बहादुर बुढा (प्र.प्र.अ.) | |
| २२ | आमन्त्रित | श्री प्रेम कुमार उपाध्याय | |

निर्णय नं १

सल्यान जिल्ला छत्रेश्वरी गा.पा. वडा नं. ७ बस्ने मनोज रानाले नारायण नगरपालिका नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, नारायण नगरपालिका दैलेख, शिक्षा युवा तथा खेलकुद

विकास शाखा नारायण नगरपालिका, दैलेख समेतलाई विपक्षि बनाई सम्मानित श्री उच्च अदालत, सुर्खेतमा उत्प्रेषण/ परमादेश को मुद्दा दायर गरेको र सो सम्बन्धमा रिट निवेदनको माग बमोजिम परमादेश समेतको आदेश जारी हुनु पर्ने हो, होइन ? आदेश जारी हुनु नपर्ने कारण, आधार र प्रमाण भए आदेश प्राप्त भएको मितिले वाटाका म्याद बाहेक १५ दिनभित्र आफै वा कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी श्री उच्च अदालत सुर्खेतबाट जारी भएको सूचना म्याद मिति २०८१।०५।०६ गते तामेल भएकोले यस नारायण नगरपालिका नगर कार्यपालिका दैलेख – १, प्रमुख प्रशासकीय अधिकृत नारायण नगरपालिका दैलेख-१, र शिक्षा युवा तथा खेलकुद विकास शाखा नारायण नगरपालिका दैलेख-१ को तर्फवाट लिखित जवाफ पेश गर्न, मुद्दामा तारेखमा रहन, कानुन व्यवसायी नियुक्त गर्न र अदालतको आदेश अनुसार काम गर्न यस नारायण नगरकालिका दैलेख शिक्षा अधिकृत पदमा कार्यरत श्री पूर्ण प्रसाद उपाध्यायलाई अख्तियारी दिई नारायण नगरपालिका नगर कार्यपालिका दैलेख-१, प्रमुख प्रशासकीय अधिकृत, ना.न.पा. दैलेख र शिक्षा युवा तथा खेलकुद विकास शाखा ना.न.पा. दैलेखको प्रतिनिधिको रुपमा पठाउने निर्णय गरियो।

निर्णय नं. २

सल्यान जिल्ला छत्रेश्वरी गा.पा. वडा नं. ७ बस्ने मनोज रानाले यस नारायण नगरपालिका नगर कार्यपालिका, दैलेख, प्रमुख प्रशासकीय अधिकृत, ना.न.पा. दैलेख, शिक्षा युवा तथा खेलकुद विकास शाखा ना.न.पा. दैलेख समेतलाई विपक्षी वनाई श्री उच्च अदालत सुर्खेतमा उत्प्रेषण/ परमादेशको मुद्दा दायर गरेका र सो मुद्दामा श्री उच्च अदालत सुर्खेतमा मिति २०८१।०५।०५ गतेको आदेश अनुसार अल्पकालिन अन्तरीम आदेश जारी भई छलफलका लागि मिति २०८१।०५।१२ गते इजलाश समक्ष पेश हुने हुँदा उक्त दिन १० बजे अदालतमा उपस्थित हुनु भनी आदेश भएको र सो समयमा यस नारायण नगरपालिका नगर कार्यपालिकाको बैठक बस्न नसकेकोले नारायण नगर

कार्यपालिकाको तर्फबाट नगर प्रमुख श्री लोमन शर्मा ज्यूले, प्रमुख प्रशासकीय अधिकृत ना.न.पा. दैलेखको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री रेशम बहादुर बुढा ज्यूले र शिक्षा युवा तथा खेलकुद विकास शाखाको तर्फबाट शिक्षा अधिकृत श्री पूर्ण प्रसाद उपाध्याय ज्यूले लिखित जवाफ पेश गर्न, कानुन व्यवसायी नियुक्त गर्न र मित २०८१।०५।१२ गते अदालतमा उपस्थित हुन प्रतिनिधिको रुपमा शिक्षा अधिकृत श्री पूर्ण प्रसाद उपाध्यायलाई अख्तियारी दिई प्रतिनिधिको रुपमा गराइएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

माथि निर्णय नं.१ बमोजिम मुद्दामा लिखित जवाफ पेश गर्ने सम्बन्धमा मस्यौदा गर्न र नारायण नगरपालिका नगर कार्यपालिका, दैलेख, प्रमुख प्रशासकीय अधिकृत ना.न.पा. दैलेख र शिक्षा युवा तथा खेलकुद विकास शाखा ना.न.पा. दैलेखको तर्फबाट बहश पैरवी गर्न नियुक्ति हुनु भएको कानुन व्यवसायी सँगको पारिश्रमिक नियमानुसार सम्झौता गर्न शिक्षा अधिकृत पूर्ण प्रसाद उपाध्यायलाई अख्तियारी दिने निर्णय गरियो ।